# राजारानी गाविसको सामुदायिक वन उपभोक्ता समुह तहमा सञ्चालित
# सार्बजनिक सुनुवाई कार्यक्रमको विस्तृत प्रतिवेदन २०७०

मिति २०६८ चैत्र ३ गते शुक्रबारका दिन सामुदायिक वन गाऊँ महासंघ, राजारानीको आयोजना, अन्तरिम वन परियोजना र सल्भ नेपाल, धनकुटाको सहयोग तथा जनहित असल शासन क्लब, धनकुटाको सहजीकरणमा राजारानी गाविसको सभाहल, राजारानी धनकुटामा सामुदायिक वन उपभोक्ता समुह तहमा सार्बजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । जसको विस्तृत विवरण प्रतिवेदन निम्नानुसार रहेको छ :

<u>**कार्यक्रमको पहिलो खण्ड**</u>

**१. सभापति, अतिथि एवं जवाफदेहि वक्ताहरुको आसन ग्रहण :**

प्रारम्भमा कार्यक्रमको सञ्चालन सम्पुर्ण सहभागीहरुलाई स्वागत गर्दै सहजीकरण गर्ने संस्थाको तर्फबाट जनहित असल शासन क्लब, धनकुटाका कार्यक्रम संयोजक नोदनाथ त्रितालले गर्नु भएको थियो । कार्यक्रम सञ्चालकबाट जवाफदेहि वक्ताहरु र अतिथिहरुलाई आसन ग्रहण गराउने कार्य भयो । जसमा अन्तरिम वन परियोजनाका कार्यक्रम अधिकृतहरु द्रोपदी सुवेदी र सुनीता श्रेष्ठ, सल्भ नेपालका नायव कार्यकारी निर्देशक जे पी भुजेल, सल्भ नेपालका सुपरभाइजर अमृत चेम्जोङ्, स्थानीय सहजकर्ता शान्तिकला विक, सामुदायिक वन गाऊँ महासंघ, राजारानीका उपाध्यक्ष कालिकामाया लिम्बु, सचिव फुलकुमारी तुम्सा, गाविस प्रतिनिधि गोपालबहादुर राई, उपस्वास्थ्य चौकी इन्चार्ज लिलानाथ दाहाल, इलाका हुलाक कार्यालय प्रमुख मनोजकुमार मेहता, राजनैतिक दलको तर्फबाट नेपाली काँग्रेसका हर्कसिँ राई, नेकपा एमालेका कर्णबहादुर कटुवाल, जनजाती महासंघका अध्यक्ष चन्द्र चेम्जोङ्ग, वडा नागरीक मञ्च प्रतिनिधि पूर्ण चेम्जोङ्, अपाँग समन्वय समिति अध्यक्ष टँक थापा लगायत रहनु भएको थियो । जवाफदेहि वक्ताहरुको परिचय गराइसकेपछि उपस्थित सम्पुर्ण सहभागीहरुले ताली बजाएर सामुहिक सभापतित्व गर्नुभएको थियो ।

**२. स्वागत मन्तव्य :**

कार्यक्रमको प्रारम्भमा स्वागत मन्तव्य राख्दै गाऊँ महासंघकी सचिव फुलकुमारी तुम्साले सार्बजनिक सुनुवाई कार्यक्रममा गाऊँ महासंघ र गाविसभरका १० वटा सामुदायिक वनहरुसंग सम्बन्धित कुनै पनि जिज्ञाषा, गुनासा, प्रश्न, सुझाव भएमा प्रष्टसंग राखिदिन सबै सहभागीहरुसमक्ष अनुरोध गर्नुभएको थियो ।

**३. कार्यक्रमको औचित्य र उद्धेश्य :**

कार्यक्रमको औचित्य र उद्धेश्यमाथि प्रकाश पार्दै सल्भ नेपाल, धनकुटाका नायव कार्यकारी निर्देशक जे पी भुजेलले सार्बजनिक सुनुवाई कार्यक्रम सामुदायिक वनहरुको क्षेत्रमा विलकुल नौलो रहेकोले यसबाट सकारात्मक पृष्ठपोषण प्राप्त हुने अपेक्षा रहेको बताए । त्यस्तै गरी सल्भ नेपालबाट सामुदायिक वनहरुमा प्रदान गरिएको अनुकुलन कोष लगायत अन्य सहयोगहरुको खर्च भई के कस्ता उपलब्धीहरु हासिल भएका छन् भन्ने बारेमा समिक्षा गर्नु कार्यक्रमको मुख्य उद्धेश्य रहेको पनि उहाँले जानकारी दिनुभयो । साथै सामुदायिक वनहरुले हालसम्म गर्दै आएका वन व्यवस्थापन, जलवायु परिवर्तन र असरहरु, विकास निर्माण कार्यक्रम, लघुवित्त कार्यक्रम, घुम्ती कोष परिचालन लगायत विभिन्न कार्यक्रमहरुबारे जानकारी लिने दिने उद्धेश्य समेत रहेको उहाँले बताउनु भयो । यसका अतिरिक्त उहाँले सार्बजनिक सुनुवाई कार्यक्रमको निम्न उद्धेश्यहरु रहेको समेत प्रष्ट पार्नुभएको थियो :

- सबै उपभोक्ता र आम नागरीकहरुबी सामुदायिक वनका गतिविधिहरुसम्बन्धी सुचना प्रवाह गर्नु,
- गाऊँ महासंघ र सामुदायिक वन उपभोक्ता समुहहरुमा जवाफदेहिता बढाउँदै पारदर्शीताको अभ्यास गराउन अभिप्रेरित गर्नु
- हाकाहाकी प्रश्नउत्तरको माध्यमबाट सरोकारवालाहरुको जिज्ञाषाहरु मेटाउन र सुचनाको हक प्राप्तिको अनुभुति गराउनु

**४. कार्यक्रमको आचारसंहिता प्रस्तुती र अनुमोदन :**

कार्यक्रम सञ्चालनको क्रममा कुनै पनि समस्या आउन नदिन तथा कार्यक्रमलाई मर्यादित ढँगले सञ्चालन गर्न निम्न अनुसारको आचारसंहिता प्रस्तुतीकरण गरी सहभागीहरुबाट तालि बजाएर अनुमोदन गर्ने कार्य गरियो :

- ♦ सहभागीले बोल्नका लागि हात उठाएर सङ्केत गर्नुपर्नेछ;
- ♦ वक्ताहरूले पनि भूमिका नबाँधी सहभागीले सोधेका प्रश्नहरूको जवाफ स्पष्टसँग दिनुपर्नेछ। शालीनतापूर्वक भूमिका नबाँधी विषयकेन्द्रित भएर बोल्नुपर्नेछ;
- ♦ सहभागीले विचार वा प्रश्न के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ;
- ♦ सञ्चालकले बोल्ने सङ्केत गरेपछि मात्र बोल्नुपर्नेछ;
- ♦ तोकिएको समयभन्दा बढी बोल्न पाइने छैन;
- ♦ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्‍याउन पाइने छैन;
- ♦ चित्त नबुझेका थप कुरा सञ्चालकको अनुमति लिएर राख्न पाइनेछ। सञ्चालकले प्रस्तुति रोक्न अनुरोध गरेपछि तत्काल रोक्नुपर्नेछ, र
- ♦ सुनुवाइलाई विषयान्तर हुनबाट बचाउन सबै सहभागीहरूले सहयोग गर्नुपर्नेछ।

**५. खर्च सार्बजनिक गर्ने :**

कार्यक्रमको व्यवस्थापनको लागि कसबाट कति बजेट प्राप्त भएको र कति खर्च गर्नुपर्ने भन्नेबारे सहभागीहरुलाई जानकारी गराउन सञ्चालकले नै कार्यक्रमको अनुमानित खर्च विवरण पढेर प्रस्तुतीकरण गर्नुभएको थियो । जसमा सल्भ नेपालबाट सहजीकरण, खाना/खाजा, स्टेशनरी, रिपोर्टिङको लागि संस्थागत सहकार्यमा रु ५०००/- सहजीकरण गर्ने संस्थालाई प्रदान गरेको र सम्झौताबमोजिम खर्च गर्नुपर्ने जानकारी समेत गराईएको थियो । त्यसपछि उक्त खर्चका सार्बजनिक लेखा परीक्षण गर्दै सहभागीहरुबाट हस्ताक्षर गरिएको थियो ।

**६. गाऊँ महासंघको प्रगति प्रतिवेदन पेश गर्ने :**

कार्यक्रमको मुख्य विषयवस्तु गाऊँ महासंघको गतिविधिको समिक्षा भएकोले महासंघका उपाध्यक्षको अनुमतिमा स्थानीय सहजकर्ता शान्तिला विश्वकर्माले अन्तरिम वन परियोजना, सल्भ नेपालबाट प्राप्त अनुकुलन कोष परिचालन लगायत महासंघका अन्य गतिविधिहरुबारे समेत प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । (आर्थिक प्रगति प्रतिवेदनको पाना अनुसुचीमा संलग्न)

साथै प्रतिवेदन प्रस्तुतीको क्रममा सहजकर्ताले जानकारी गराएका प्रमुख गतिविधिहरुको विवरण निम्न रहेको छ :

- सामुदायिक वन गाऊँ महासंघले सामुदायिक वनमा देखा परेका समस्याहरु समाधानमा पहल गरेको

- सामुदायिक वनहरुको नियमित अनुगमन गर्ने गरेको ।
- पानी मुहान सिमसार संरक्षणमा कार्य गरेको ।
- सामुदायिक वन र गाऊँ महासंघमा माथिल्लो निकायबाट प्राप्त सहयोगको परिचालन गरेको ।
- द्वन्दको अवस्थामा पनि निरन्तर काम गरेको ।
- गाऊँ महासंघ अन्तरगत १० वटा सामुदायिक वनहरु रहेको र सबैमा घुम्ति कोषको परिचालन एवं समन्वयको भुमिका गरेको ।

**कार्यक्रमको दोस्रो खण्ड**

**७. प्रश्न उत्तर/सवाल जवाफ (दोहोरो सम्वाद)**

कार्यक्रम सञ्चालकले कार्यक्रमको दोस्रो खण्डको शुरुवात गर्दै प्रश्न उत्तरको सवाल जवाफ गर्न दोहोरो सम्वादको लागि हल खुल्ला भएको घोषणा गरेपछि निम्न अनुसार सहभागीहरुबाट प्रश्न एवं जिज्ञाषाहरु राख्ने र जवाफदेहि वक्ताहरुबाट जवाफ दिने कार्य भएको थियो :

प्रश्न उत्तरको सिलसिला शुरुवात गर्दै कार्यक्रम सञ्चालकले सामुदायिक वन गाऊँ महासंघबाट बनाएको आवधिक योजना कुन कुन सामुदायिक वनहरुमा पुगेको छ र कस कसलाई जानकारी छ भन्ने जिज्ञाषा राख्नुभएको थियो । जसको उत्तरमा गाऊँ महासंघका उपाध्यक्ष कालिका लिम्बुले महासंघमा मात्र एक प्रति भएको तर सबैलाई थाहा चाहिँ भएको बताउनु भएको थियो । सहभागीहरुतर्फ सोध्दा सामुदायिक वन उपभोक्ता समुहमा हालसम्म त्यो योजना नपुगेको बताउँदै प्रत्येक समुहमा एक एक प्रति राख्नु पर्ने माग आएको थियो । त्यसपछि उपाध्यक्ष लिम्बुले सल्भ नेपालबाट समेत सहयोग भए सबैलाई एक एक प्रति उपलब्ध गराउन आफुहरु तयार रहेको बताउनु भयो । जसको जवाफमा आवधिक योजना सबै सामुदायिक वनहरुमा पुऱ्याउन सल्भ नेपालले सहयोग गर्ने प्रतिबद्धता नायव कार्यकारी निर्देशक जे पी भुजेलले गर्नुभएको थियो । त्यसपछि सहभागीहरु थप जिज्ञाषु भई थप प्रश्नहरु सोध्ने तर्फ लाग्नु भएको थियो ।

**प्रश्न तथा जिज्ञाषा १.** सार्बजनिक सुनुवाई कार्यक्रमको बारेमा सुचना गर्दा सल्भ नेपालबाट प्राप्त अनुकुलन कोषकै मात्र विषयवस्तुमा सिमित हुने गरी प्रचार प्रसार गरियो । यो कार्यक्रमको महत्वलाई हेरी यसमा जिल्ला वन कार्यालय, रेञ्जपोष्ट समेतको प्तिनिधित्व गराई सहभागीता पनि व्यापक गराएर कार्यक्रम बृहत बनाएको भए राम्रो हुने थियो ।

**प्रश्न तथा जिज्ञाषा २.** सल्भ नेपालले दिएको पैसाबाट ढल निर्माणको कुरा सुनिएको थियो । त्यो कहाँ खर्च भयो ? उपाध्यक्षको घर जोगाउनका लागि मात्र ढल बनाइएको हो कि सामुहिक फाइदाका लागि खर्च गरियो ?

**प्रश्न तथा जिज्ञाषा ३.** घुम्ति कोषको ४० हजार रुपैया गाऊँ महासंघका अध्यक्ष, उपाध्यक्ष र सचिव रहेका सामुदायिक वनहरुका उपभोक्ता समुहहरुमा मात्र गएको, वितरण गरिएको पाइयो, यो के का आधारमा कसरी परिचालन गरियो ? अरु बनहरुले पाउन के गर्नुपर्छ ?

**प्रश्न तथा जिज्ञाषा ४.** उक्त घुम्ति कोष जलवायु परिवर्तनको परिवेशमा वन संरक्षण तथा व्यवस्थापनमा पनि खर्च गर्नुपर्ने थियो ।

**प्रश्न तथा जिज्ञाषा ५.** गाऊँ महासंघले सक्रियलाई मात्र कोष दिने कि निष्कृयलाई पनि थप सक्रिय पार्न कोष वितरण गर्ने हो ? प्राथमिकतामा सक्रिय मात्र पर्दछन् कि निष्कृय पनि ?

**प्रश्न तथा जिज्ञासा ६.** गाऊँ महासंघले नियुक्त गरेको स्थानीय सहजकर्ताले चाहिँ के कस्तो काम गरिरहनुभएको छ र कस्ता कस्ता समस्या भोग्नुभएको छ ?

**प्रश्न तथा जिज्ञासा** ७. पारुहाङ्ग सामुदायिक वन, वडा नं. ५ को भए पनि संरक्षण धनकुटा जिल्लाबाट भएको तर मोरङ्ग बासिन्दाहरुले लाभ लिइरहेको, वन विनास भइरहेको अवस्था छ, यसलाई चाहिँ कसरी समस्या समाधान गर्न सकिएला ?

**प्रश्न तथा जिज्ञासा ८.** राजारानी गाविसकै नमुना वन बनेको माङ्धाना किर्तीपुर सामुदायिक वन कसरी उत्कृष्ट बन्न सकेको हो ? के के काम अरु वनहरुले भन्दा फरक तरिकाले गरेको छ त ?

**प्रश्न तथा जिज्ञासा** ९. गाऊँ महासंघको र अन्य सामुदायिक वन उपभोक्ता समुहहरुको कार्यालय व्यवस्थापन कसरी गर्दै हुनुहुन्छ ?

**प्रश्न तथा जिज्ञासा १०.** सल्भबाट आएको पैसा समुहका २-४ जनाले बाँडेरै खाएका छन् । के उनीहरुले चाहिँ तिर्नु पर्दैन ?

**प्रश्न तथा जिज्ञासा ११.**घुम्ति कोषको रकम अहिलेको महँगीमा समय अनुसार साह्रै थोरै भयो । यसलाई बढाउन सकिन्न ?

**प्रश्न तथा जिज्ञासा १२.** घुम्ति कोष विपन्न वर्गका लागि लगानी भए पनि उपलब्धीमुलक छैन, ८०-८५% लगानी जुन उद्धेश्यमा हो, त्यो गरिएको छैन, घरैमा भएको वस्तु देखाएर पैसा अन्तै खर्च गर्ने गरेको छ, १५% रकम मात्र सही कार्यमा लगाइएको यथार्थ स्थिति छ जस्तो लाग्छ । यसमा कसरी सुधार गर्न सकिएला ?

**प्रश्न तथा जिज्ञासा १३.** वन व्यवस्थापन गर्न र कोष परिचालन लाई अझ व्यवस्थित बनाउन के गर्न सकिन्छ ? वनभित्र हुने समस्या समाधान गर्न के गर्नुपर्ला ?

**प्रश्न तथा जिज्ञासा १४.** लघुवित्त योजना सञ्चालन गर्ने कुरा गर्नुभयो, यसमा किस्ता कसरी बुझाउनु पर्छ ? तीन महिने किस्ता, छ महिने किस्ता र वर्ष दिने किस्ता राख्दा या नराख्दा के हुन्छ ?

**प्रश्न तथा जिज्ञासा १५.** कार्बन व्यापार सम्बन्धी काम सामुदायिक वनहरुमा कसरी भइरहेको छ ? हामीले त्यो काम गर्न सक्दैनौं ? प्रति बिरुवा रोयल्टी दिने कार्यक्रम किन खुवाफोक र महाभारत तिर लगाइयो, राजारानीतिर आएन ?

**प्रश्न तथा जिज्ञासा १६.** साम्लालुङ सामुदायिक वनको खातामा सल्भ नेपालबाट प्राप्त ५० हजार हालियो भनेर खर्च देखाईएको छ, त्यो रकम बैंकमा मात्र हालिएको हो कि काम पनि भएको छ ?

**प्रश्नकर्ताको जिज्ञाषाहरुको जवाफ :**

पहिलो प्रश्नको सम्बन्धमा जिल्लाबाटै फोन गरी यसै अनुकुलन कोषको बारेमा प्रतिवेदन तयार पार्नु भनेकोले यसैको मात्र तयारी गरियो । सल्भ नेपालले सञ्चालन गरेको कायृक्रम गतिविधिहरुको समिक्षा गर्न सार्बजनिक सुनुवाई राखिएकोले यसमा अन्य सरोकारवाला निकायहरुको उपस्थिति गराईन । आगामी कार्यक्रमहरुमा यो सुझावको रुपमा लिनेछौं ।

दोस्रो प्रश्नको सवालमा ढल निर्माणमा रारा भवनको छेऊमा ८ हजार मात्र खर्च गरेको हो । त्यो समितिको निर्णयबाटै भएको हो ।

तेस्रो प्रश्नको जवाफमा सबै सामुदायिक वनहरुलाई पत्राचार गरिएको, सबै वनहरुमा स्तरीकरण गरेको, सबै वनहरुबाट एक एक जना प्रतिनिधि सहभागी गरेर बैठकले निर्णय गरेर मुल्याँकनको आधारमा स्तरीकरण गरेर वितरण गरेको हो । सबै वनहरुलाई सिफारिस गर्नु भनेकोमा कतिपयले वास्तै नगरेको र जसजसबाट सिफारिस भई आयो, उसको मुल्याँकन गरेर रकम दिएको हो । साथै अनुगमन गर्दा सक्रिय सक्रिय रहेका वनहरुमा उचित समुदाय र समुदाय लक्षित कार्यक्रम माग्नेलाई प्राथमिकता दिएर कोष वितरण गरिएको ।

चौथो प्रश्न तथा विचारको सम्बन्धमा उपाध्यक्ष लिम्बुले अहिले सबै सामुदायिक वनबाट खानेपानी संरक्षणकै माग बढी आएकोले त्यसमा लगानी गरेको बताइन् ।

पाँचौ प्रश्नको जवाफमा सामुदायिक वनहरुले सिफारिस गरेकै आधारमा काम गरिने हुँदा सबैलाई प्राथमिकतामा राख्न प्रयत्न गर्नेछौं ।

छैटौं प्रश्नको जवाफमा स्थानीय सहजकर्ता स्वयंले आफुलाई समस्या रहेको भएता पनि सामुदायिक वनहरुको नियमित बैठकमा पुग्ने गरेको, अनुगमन गर्ने गरेको, सहजीकरण गर्ने गरेको छु । समस्या धेरै छन् । जस्तै बैठकमा आफु टाढाबाट पुगेर पनि घण्टौं पर्खिनु पर्ने तर समितिको बैठक नै नहुने, उपस्थिति ढिला र न्युन हुने, सहजकर्ताको भनाइहरुलाई वास्तै नगर्ने, न्युन पारिश्रमिकमा काम गर्नुपर्ने अवस्थामा पनि रेञ्जपोष्ट, जिल्ला वन लगायतबाट समेत विभिन्न फारमहरु विवरण भर्न लगाउने तर पारिश्रमिक नदिने जस्ता समस्याहरु भोल्नु परिरहेको छ । सल्भ नेपालका नायव कार्यकारी निर्देशक भुजेलले स्थानीय सहजकर्तालाई दिगो बनाउनका लागि लघुवित्त कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको जानकारी दिनुभयो ।

सातौं प्रश्नको जवाफमा गाऊँ महासंघबाट उपाध्यक्ष लिम्बुले लामो समयदेखिको समस्या भएको बताउनु भयो । भर्खरै मात्र जिल्ला वन अधिकृतलाई समेत यो समस्याबारे अवगत गराएको तर समाधान हुन नसकेको बताउनु भयो भने सल्भ नेपालबाट यो समस्यालाई माथिल्लो निकायहरुमा लैजान पहल गर्ने जानकारी दिनुभएको थियो । सहभागीको तर्फबाट भीमप्रसाद लिम्बुले यो विषयमा विचार राख्दै पारुहाङ सामुदायिक वनमा राजनैतिक समस्याले भोलेको छ, जसले गर्दा दुःख धनकुटाले गरिन्छ, फाइदा मोरङले लिइरहेको छ । यो सत्य हो भनी बताउनु भयो ।

आठौं प्रश्नको जवाफमा किर्तीपुर सामुदायिक वनका अध्यक्ष भीमबहादुर लिम्बुले आफुहरुले वनमा राजनीति नगरेकै कारण राम्रो भएको बताए । भने : 'हामी राजनीति गर्दैनौं । हामी संगठित छौं । वन संरक्षण, व्यवस्थापन राम्ररी गरेका छौं । घुम्ति कोषको रकम विपन्न र दलित वर्गका लागि मात्रै सञ्चालन गरेका छौं । अनुगमन समेत नियमित गरेका छौं । बाख्रा र बंगुर पालन गरेर अति विपन्न २ घरपरिवारको जिवनस्तरमा परिवर्तन आएको छ ।' यो प्रश्नमा नमुना वन बन्नमा सानो वन क्षेत्र हुनु, विपन्न वर्गलाई सामुदायिक वनभित्रको जग्गा छुट्याएर बोटविरुवा, अम्लिसो रोप्न लगाएको, समुहमा बचत गर्ने बानीको विकास गरेको, वृक्षारोपण, वन संरक्षणमा सहभागिता राम्रो रहेको स्थानीय सहजकर्ता शान्तिाला विकले बताउनु भयो । आफुले पनि घुम्ति कोषको रकम यसै वनबाट लिएर गाई पालन गरी आयआर्जन वृद्धि गरेर अहिले यो जिम्मेवारीका साथ आउन सकेको विकले बताउनु भयो ।

नवौं प्रश्नको जवाफमा गाऊँ महासंघ उपाध्यक्ष कालिका लिम्बुले महासंघको अफिस रारा समाज सेवा समितिको भवनमा रहेको, सबै अभिलेखहरु अफिसमा राख्ने गरेको, फर्निचरहरु व्यवस्थापन रहेको बताउनु भयो । साथै सामुदायिक वनहरुले अफिस प्रयोजनको लागि बाकस र फर्निचरहरु निर्माण गरी अफिसियल फायल, बैठक पुस्तिका लगायत अभिलेख व्यवस्थित गरेको छ ।

दशौं प्रश्नको जवाफमा नातावाद कृपावादले गर्दा रकम उठ्दैन । कडाइका साथ सबैलाई एउटै नियम लगाउनु पर्छ । घुम्ति कोष नतिर्नेलाई कालो सुचीमा राख्ने भनेपछि रकम उठेको उदाहरण चन्द्र चेम्जोङ (तोतिला कोक्मा सामुदायिक वनका अध्यक्ष) ले बताए ।

एघारौं प्रश्नको जवाफमा सल्भका प्रमुखले शुरुको अवधारणामा गाऊँ महासंघमा रहने गरी केहि रकम महासंघको, केहि रकम सल्भबाट हुने गरी र गाविसलगायत अन्य क्षेत्रबाट बढाउँदै लैजान पहल गर्ने गरी स्थापना गरीएको हुँदा सानो शुरुवात रहेको उल्लेख गर्दै समय अनुसार बढाउन पर्ने आवश्यकता आफुहरुलाई समेत बोध भएको जानकारी गराउनु भयो ।

बाह्रौं प्रश्नको सवालमा विभिन्न टिकाटिप्पणी भएका थिए । जसमा सहभागी लालमान लिम्बुले नगद पैसा दिनु भन्दा जिन्सी नै किनेर दिने गरे बाखा र बंगुर पालनको लागि प्रभावकारी हुने थियो र दिएको रकमको गलत खर्च हुने थिएन भन्ने धारणा व्यक्त । त्यस्तै मोरङका एक कृषक ज्ञानबहादुर राईले आफ्नो गाविस शनिश्चरेमा घुम्ति कोषमार्फत पशु साटासाट कार्यक्रम गरिरहेको र त्यो प्रभावकारी भएको बताए । सहभागी पुर्णबहादुर लिम्बुले पुरानै वस्तुहरु देखाएर घुम्ती कोषको रकम दुरुपयोग भएको स्वीकार गर्दै यसलाई रोक्नुपर्ने धारणा व्यक्त गरे । किनेको वस्तु मरिहालेमा पनि समुहमा त्यसको विवरण देखाएर अर्को पुनः किनेर भए पनि आयआर्जन गरी तिर्नु पर्ने धारणा समेत लिम्बुले राखे । अर्का सहभागी अमृत चेम्जोङ्गले समेत सो धारणामा समर्थन व्यक्त गरे । अर्को सामुदायिक वन अध्यक्ष टँक थापाले पशु मरेमा समुहमा खबर गरी पशुको सर्जिमिन गरेर मात्र हिसाब खोज्नु पर्छ नत्र मर्दै नमरी मऱ्यो भन्न सक्छन् भन्ने धारणा व्यक्त गरे । यदी ऋण लिनेको यथार्थ पशु मरेको भनी सर्जिमिन भई आएर समुहले सिफारिस गरी महासंघले व्याज मिनाहा गरिदिनु पर्ने र सावा तिर्ने म्याद थप गरिदिनुपर्ने पनि हुन्छ भन्ने धारणा राखे ।

तेह्रौं प्रश्नको सवालमा एक सहभागी चन्द्र लिम्बुले आफ्नो धारणा राख्दै भने : सामुदायिक वनहरुको आफ्नो कार्यालय छैन तर पनि वन व्यवस्थापन गर्ने, वन परिचालन गर्ने श्रेय सामुदायिक वन उपभोक्ता समितिहरुलाई नै जान्छ । सामुदायिक वन र घुम्ति कोषलाई व्यवस्थित गरी परिचालन गर्न उपभोक्ता समिति, उपभोक्ता, सल्लाहकार, सबैले राम्रो सोच र चिन्तन गर्नुपर्दछ । आम्दानी राम्रो भएको सामुदायिक वन समितिमा बस्ने होडबाजी नै हुन्छ तर आम्दानी नभएका सामुदायिक वन समितिहरुमा बस्न मानिस रुचाउँदैनन् । यी कारणले गर्दा वन विकासमा समस्या छ । यसको समाधान गर्न कीर्तिपुर सामुदायिक वन जस्तै नमुना बन्ने प्रयत्न सबै वनले गर्नुपर्दछ अनि समस्याहरु समाधान हुँदै जान्छ । सामुदायिक वनहरुको राम्रो कामले गर्दा नै विभिन्न संघसंस्थाहरुमा दातृ निकायहरुले सहयोग गरिरहेका छन् । सामुदायिक वनहरुको संरक्षण र विकासको लागि जिल्ला वन लगायत सबै निकायहरुबाट सक्दो सहयोग हुनुपर्दछ ।

चौधौं प्रश्नको जवाफमा सल्भका भुजेलले सबै रकम एकै पटक तिर्दा तिर्न गाह्रो हुने, किस्ता तिर्दा सानो सानो रकम तिर्न सजिलो हुने हुँदा किस्तामा कारोवार गर्ने व्यवस्था बनाइने हुन्छ भन्नु भयो ।

पन्ध्रौं प्रश्नको सन्दर्भमा जानकारी गराउँदै अन्तरिम वन परियोजनाकी कार्यक्रम अधिकृत द्रोपदी सुवेदीले कार्बन व्यापारको अवधारणा भर्खर मात्र शुरु भएको छ र यसको लागि बाहिरबाट विज्ञहरु ल्याउनुपर्दछ । हाल कार्बन व्यापारको अवस्था पत्ता लगाउन र काम गर्न प्रस्ताव माथिएका मध्ये पहिला आउने गाविसहरुलाई प्राथमिकताका साथ त्यो कार्यक्रम दिइएको हो, अन्यथा भेदभाव रहेको छैन भनी जानकारी दिनुभयो । हाल कति कार्बन सञ्चित छ, कति कार्बन उत्पादन वृद्धि छ, त्यसको अनुसन्धानका लागि मात्र गाविस छानेको हो, त्यसको कार्यक्रम सफल भएमा मात्र अन्य गाविसहरुमा विस्तार गर्ने कार्यक्रम छ । साथै उहाँले सार्बजनिक सुनुवाई कार्यक्रममा सहजीकरण गर्नु हुने सबैमा धन्यवाद दिँदै प्रतिबद्धता कार्यान्वयन गरेर अगाडि बढ्न सुझाव दिनुभएको थियो ।

सोह्रौ प्रश्नको जवाफमा त्यस सामुदायिक वनका प्रतिनिधि धनुष चेम्जोङ्ले उक्त रकम ५०हजार भए पनि ५ लाख बराबरको भारी बोके जतिकै भएको, सो भन्दा बढी नै काम गरेको, खानेपानी ट्याँकी निर्माणको लागि सामग्री खरिद गरेको बताउनु भयो । गाऊँ महासंघकी उपाध्यक्षले समेत सो रकम खर्च भई काम भइसकेको बताउनुभयो ।

**कार्यक्रमको तेस्रो सत्र (अन्तिम सत्र)**

करिब तीन घण्टा चलेको प्रश्न उत्तरको दोस्रो सत्रको निष्कर्शको रुपमा तेस्रो तथा अन्तिम सत्रलाई सञ्चालन गरिएको थियो । सञ्चालकले दोहोरो सम्वादको सत्र समाप्त भएको जानकारी गराएर कार्यक्रममा उठेका प्रमुख सवालहरुको निचोड प्रस्तुती गर्नुभएको थियो । जुन निचोडको समर्थन गर्दै अतिथि वक्ताहरु र सहभागीहरुको तर्फबाट आगामी दिनमा सामुदायिक वन क्षेत्रलाई थप व्यवस्थित गर्दै लैजान, स्थानीय स्तरमा देखिने समस्याहरु आफैं समाधान गर्न र नियमित माथिल्लो निकायहरुसंग सम्पर्कमा रहन समेत ७ बुँदे साझा सार्बजनिक प्रतिबद्धताको घोषणा पत्रमा हस्ताक्षर गर्नुभएको थियो । (घोषणा पत्र अनुसुचीमा संलग्न छ ) उक्त सात बुँदे साझा सार्बजनिक प्रतिबद्धताको घोषणा पत्र पढेर सुनाइएको थियो भने सम्पुर्ण सहभागीहरुले ताली बजाएर त्यसलाई समर्थन गर्नुभएको थियो । त्यसपछि समापन मन्तव्य व्यक्त गर्दै नेपाली काँग्रेसका प्रतिनिधि हर्कसिँ राईले घुम्ति कोष शुरुका दिनमा राम्ररी चले पनि हाल आएर लगानी नउठ्ने समस्या बढेको हूँदा स्तर उकास्नुको सट्टा तल झर्दै गएको हो कि जस्तो लाग्न थालेको बताउनु भयो । आयआर्जनमा लगानी गरी अलि अलि बचत गर्ने बानीको विकास गरी पुनः लगानी गर्दा राम्रो हुने सुझाव दिन चाहन्छु भन्नु भयो । यस्तैगरी नेकपा एमालेका प्रतिनिधि कर्णबहादुर कटुवालले वनका समस्या समाधानमा जिल्ला वन, रेञ्जपोष्ट, महासंघ, गाऊँ महासंघ, उपभोक्ता समिति संघसंस्था सबैले जुट्नु पर्ने हुन्छ भन्दै वन जोगाए  बापत प्रति रुख रकम पाउने चलन भए मानिसले संरक्षण गर्न चासो दिने थियो की भन्ने जिज्ञाषा समेत राखनु भयो र वृक्षारोपण मात्र होइन, त्यसको संरक्षणमा समेत ध्यान दिनु पर्ने आवश्यकता औंल्याउनु भयो । त्यस्तै अर्का प्रतिनिधि महासंघ सचिव फुलकुमारी तुम्साले महासंघलाई सक्रिय र सफल बनाउन सबैको सहयोग आवश्यक रहेको र समितिमा नयाँ नयाँ अनुहार आउन जरुरी देखिएको छ भने नेतृत्व सीप विकासको लागि पनि नयाँ सोच, नयाँ विचारका व्यक्तिहरु समेत समितिमा आउनु पर्ने, महासंघले गरेका काम कर्तव्यहरुबारे सबैले चासोदिनुपर्ने, सल्भ नेपालले पनि निरन्तर महासंघलाई सहयोग गरिरहनु पर्ने धारणा व्यक्त गर्नुभयो । इलाका हुलाक प्रतिनिधि मनोजकुमार मेहताले महासंघको नेतृत्व सक्रिय देखिएको हुँदा सबैले सहयोग गरे महासंघका कार्यक्रम पुर्ण सफल हुँदै जाने धारणा व्यक्तः गर्नुभयो ।

त्यसपछि आफ्नो प्रतिबद्धता मन्तव्य राख्दै आफुले यो सार्बजनिक सुनुवाईबाट अत्यन्त धेरै पृष्ठपोषण प्राप्त गरेको बताउनु भयो । साथै चार दिने तालिमभन्दा चार घण्टाको सार्बजनिक सुनुवाई कार्यक्रम बढी प्रभावकारी हुने रहेछ भन्ने आफुलाई लागेको समेत उहाँले बताउनु भयो । साथै आफु वन क्षेत्रमा काम गरेको १२ वर्षभन्दा बढी भएको बताउँदै सधैं सार्बजनिक सुनुवाई जस्ता कार्यक्रममा प्रश्नकर्ताको रुपमा सहभागी हुने गरेको तर आज पहिलो पटक जवाफदेहि वक्ताको रुपमा स्टेजमा बसेर सार्बजनिक सुनुवाई कार्यक्रममा सहभागी भएकोले नयाँ र अत्यन्त प्रभावकारी कार्यक्रम सम्पन्न गरेको अनुभुति भएको पनि बताउनु भयो । यस सार्बजनिक सुनुवाई ले एक अर्कालाई बुझ्ने अवसर प्राप्त भई सबै समस्याहरु चिरफार गरी उपचार गर्न सहयोग मिलेको छ । आपसी मतभेदहरु माझामाझ गरी गाउँ महासंघ र सहजकर्ता र सामुदायिक वनहरुलाई आगामी दिनमा काम गर्ने एउटा रोडम्याप तयार भएको छ, कार्ययोजनाको मार्गदर्शन भएको छ भन्नु भएको थियो । साथै उहाँले काम राम्रो भएन भन्ने आवाज आयो, त्यो आउनु भनेको नै यसो गर्दा राम्रो हुन्छ भन्ने थाहा पाउनु हो, अब पक्कै आगामी दिनमा राम्रो काम हुन्छ भन्ने अपेक्षा लिएको छु भन्ने भयो । त्यसैगरी यो सार्बजनिक सुनुवाई कायृक्रम सबै सामुदायिक वन उपभोक्ता समुहहरुले सबै टोल टोलमा गर्नु उपयुक्त देखिएको छ । यस्ता कायृक्रमबाट सुचना  तलदेखि माथिसम्म सत्य तथ्यमा आधारित भएर प्रवाह हुने हुँदा यसको महत्व ज्यादै राम्रो देखियो । सबै सामुदायिक वनहरुलाई कसरी राम्रो बनाउने

भन्ने सोच्नु पर्दछ । सबै वन समुहहरु राम्रो चले मात्र महासंघ राम्रो हुन्छ, उपभोक्ता समुहहरु अंग हो भने महासंघ शरीर हो, त्यसैले शरिर चलाउन अंगको महत्वपुर्ण भुमिका हुन्छ । अन्त्यमा उहाँले सात बुँदे साझा सार्बजनिक प्रतिबद्धता कार्यान्वयनमा पुर्ण सहयोग गर्ने प्रतिबद्धता समेत दोहोऱ्याउनु भयो ।

त्यस्तै अन्तरिम वन परियोजनाका कार्यक्रम अधिकृत द्रोपदी सुवेदीले आफ्नो प्रतिबद्धता मन्तव्य राख्दै भन्नु भयो : यो सार्बजनिक सुनुवाई कार्यक्रम अत्यन्त उपयोगी भएको महशुष भयो । सहभागीहरुको सक्रिय सहभागीताबाट यथार्थ कुरा बुझ्न र जान्न पाइयो । कार्यक्रममा वन व्यवस्थापनको बारेमा अलिक कम चर्चा भयो । कार्यक्रमलाई अझ बढी सहभागिता गराएर व्यापक गर्न सकेको भए राम्रो हुने थियो । आगामी दिनमा गाऊँमा अझ बढी व्यापक कार्यक्रम गर्ने कोषीश गर्नु उपयूक्त हुन्छ । घुम्ति कोष परिचालनको अवधारणा कहाँ बाट शुरु भयो भन्ने जानकारी गराउँदै उहाँले सामुदायिक वनको केहि रकम र त्यति नै रकम हामीले थप गरिदिएर म्याचिङ् फण्डको रुपमा सञ्चालन गरिएको हो भनी प्रष्ट पार्नु भएको थियो । दिनप्रतिदिन वन विनास भइरहेको सन्दर्भलाई जोड्दै उहाँले वनभित्र रुख काट्नै नहुने भन्ने सन्देश उपभोक्तामा जानु नहुने बताउँदै आवश्यकता अनुसार वन पैदावारको उपयोग गर्दै संरक्षण पनि गर्नुपर्ने, रोप्ने काट्ने, संरक्षण गर्ने सबै अधिकार सामुदायिक वनहरुलाई नै हुन्छ, त्यसैले सामुदायिक वन हरुले नै संरक्षण, सञ्चालन र व्यवस्थापन गरी संन्तुलन कायम गर्नसक्नु पर्दछ भन्ने उल्लेख गर्नुभयो ।

अन्तिम वक्ताको रुपमा सामुदायिक वन गाऊँ महासंघ उपाध्यक्ष कालिका लिम्बुले महासंघ अध्यक्ष दानसिँ राई कार्यव्यस्तताको कारणले उपस्थित हुन नसक्नुभएको जानकारी गराउँदै आफुहरु साझा सार्बजनिक प्रतिबद्धता कार्यान्वयनमा जुट्ने प्रतिबद्धता दोहोऱ्याउनु भयो । सामुदायिक वन विकास तथा भवन निर्माणका लागि गाऊँ परिषद्मा बजेट विनियोजन भएको छैन, सो का लागि पहल भने गरिँदै आएको छ । अनुकुलन कोषबाट योजनाहरु सञ्चालनमा सानो बजेट मात्र हुँदा काम पुरागर्न कठिन भइरहेको अवस्था छ । बजेट विनियोजन गर्दा कमसेकम योजना पुरा गर्न सक्ने बजेट व्यवस्थ ागर्न सके राम्रो हुने थियो । सामुदायिक वनका समस्याहरुमा व्यक्तिको जग्गा र सामुदायिक वनको सिमाँकन स्पष्ट नछुटिएकोले बन विनास बढ्दो रुपमा समस्या भएको छ । जसलाई रोक्नु पर्ने आवश्यकता छ । समग्रमा सामुदायिक वनहरुमा आउने सानातिना व्यवहारिक समस्याहरु समाधान गरेर अगाडि बढ्न प्रतिबद्धता व्यक्त गर्न चाहन्छौ । स्वायत्त अधिकार वन समुहलाई नै छ भने पनि जिल्ला वन लगायत माथिल्लो निकायको नीति नियम नै बढी लागु हुने अवस्था रहेको गुनासो समेत उहाँले गर्नुभयो । वन विकासका लागि सबै सामुदायिक वनका प्रतिनिधिहरुले प्रतिबद्धताका साथ कार्ययोजना कार्यान्वयनमा जुट्नुपर्दछ भन्ने अनुरोध गर्दछु ।

अन्तिम वक्ताको रुपमा उपाध्यक्ष लिम्बुको प्रतिबद्धता मन्तव्यपश्चात सहजीकण गरिरहनुहुने कार्यक्रम सञ्चालकको आग्रहमा सामुहिक सभापतित्व गरिरहनुहुने सबै सहभागीहरुको तर्फबाट ताली बजाएर कार्यक्रमको समापन गरिएको थियो ।

# घोर्लिखर्क गाविसको सामुदायिक वन उपभोक्ता समुह तहमा सञ्चालित
# सार्बजनिक सुनुवाई कार्यक्रमको विस्तृत प्रतिवेदन २०६८

मिति २०६८ चैत्र ५ गते आइतवारका दिन सामुदायिक वन गाऊँ महासंघ, घोर्लिखर्कको आयोजना, अन्तरिम वन परियोजना र सल्भ नेपाल, धनकुटाको सहयोग तथा जनहित असल शासन क्लब, धनकुटाको सहजीकरणमा गाऊँ महासंघको कार्यालय परिसरमा, घोर्लिखर्कमा सामुदायिक वन उपभोक्ता समुह तहमा सार्बजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । जसको विस्तृत विवरण प्रतिवेदन निम्नानुसार रहेको छ :

<u>कार्यक्रमको पहिलो खण्ड</u>

**१. सभापति, अतिथि एवं जवाफदेहि वक्ताहरुको आसन ग्रहण :**

प्रारम्भमा कार्यक्रमको सञ्चालन सम्पुर्ण सहभागीहरुलाई स्वागत गर्दै सहजीकरण गर्ने संस्थाको तर्फबाट जनहित असल शासन क्लब, धनकुटाका कार्यक्रम संयोजक नोदनाथ त्रितालले गर्नु भएको थियो । कार्यक्रम सञ्चालकबाट जवाफदेहि वक्ताहरु र अतिथिहरुलाई आसन ग्रहण गराउने कार्य भयो । जसमा अन्तरिम वन परियोजनाका कार्यक्रम अधिकृतहरु द्रोपदी सुवेदी, सल्भ नेपालका नायव कार्यकारी निर्देशक जे पी भुजेल, सल्भ नेपालका सुपरभाइजरहरु किशन श्रेष्ठ र सत्यकला राई, पाखिबास रेञ्जपोष्टका प्रतिनिधि राजेन्द्रप्रसाद चौधरी, गाविस सचिव उमेश राई, गाऊँ महासंघका उपाध्यक्ष पुष्पकुमारी कोइराला, नागरीक परिषद्, घोर्लिखर्कका संयोजक इन्द्रबहादुर बस्नेत, स्थानीय सहजकर्ता ज्ञानेन्द्र कार्की, उपस्वास्थ्य चौकी प्रतिनिधि भीम खड्का, राजनैतिक दलको तर्फबाट नेकपा एमालेका कृष्ण धमला, एनेकपा माओवादीका हरिचन्द्र लिम्बु, लिम्बुवान पार्टीका पुर्णमान राई, जनजागरण सहकारी संस्थााक कमला थापा, चन्द्रज्वती बोर्डिङका प्रिन्सिपल इन्दीरा कार्की, जनसेवा युवा क्लबका उपाध्यक्ष मञ्जु श्रेष्ठ, घोर्लिखर्कमा सक्रिय ५ वटा सामुदायिक वनका अध्यक्षहरु, गुराँस प्राविका प्रअ र सुर्योदय प्राविका प्रअ लगायत रहनु भएको थियो । जवाफदेहि वक्ताहरुको परिचय गराइसकेपछि उपस्थित सम्पुर्ण सहभागीहरुले ताली बजाएर सामुहिक सभापतित्व गर्नुभएको थियो ।

**२. स्वागत मन्तव्य :**

कार्यक्रमको प्रारम्भमा स्वागत मन्तव्य राख्दै गाऊँ महासंघका सहसचिव लालबहादुर बस्नेतले सार्बजनिक सुनुवाई कार्यक्रममा गाऊँ महासंघ र गाविसभरका ५वटा सामुदायिक वनहरुसंग सम्बन्धित कुनै पनि जिज्ञाषा, गुनासा, प्रश्न, सुझाव भएमा प्रष्टसंग राखिदिन सबै सहभागीहरुसमक्ष सक्रिय सहभागिताका लागि उल्लेख्य उपस्थिति भएकोमा धन्यवाद भन्दै सक्रिय सहभागि भईदिन अनुरोध गर्दै सबै अतिथि, जवाफदेहि वक्ता र सहभागीहरुमा स्वागत गर्नुभएको थियो ।

**३. कार्यक्रमको औचित्य र उद्धेश्य :**

कार्यक्रमको औचित्य र उद्धेश्यमाथि प्रकाश पार्दै सल्भ नेपाल, धनकुटाका नायव कार्यकारी निर्देशक जे पी भुजेलले सार्बजनिक सुनुवाई कार्यक्रम सामुदायिक वनहरुको क्षेत्रमा विलकुल नौलो रहेकोले यसबाट सकारात्मक पृष्ठपोषण प्राप्त हुने अपेक्षा रहेको बताए । सामुदायिक वनहरुको इतिहासमा संभवतः यो क्षेत्रमै यो गाविसमा आज सञ्चालित कार्यक्रम पहिलो हो भन्नु भयो । त्यस्तै गरी सल्भ नेपालबाट सामुदायिक वनहरुमा प्रदान गरिएको अनुकुलन कोष लगायत अन्य सहयोगहरुको खर्च भई के कस्ता उपलब्धीहरु हासिल भएका छन् भन्ने बारेमा समिक्षा गर्नु कार्यक्रमको मुख्य उद्धेश्य रहेको पनि उहाँले जानकारी दिनुभयो । साथै सामुदायिक वनहरुले हालसम्म गर्दै

आएका योजनाहरु, वन व्यवस्थापन, जलवायु परिवर्तन र असरहरु, विकास निर्माण कार्यक्रम, लघुवित्त कार्यक्रम, घुम्ती कोष परिचालन लगायत विभिन्न कार्यक्रमहरुको निर्णय प्रक्रियाहरुसम्बन्धी विषयवस्तुहरु थाहा पाउने प्रक्रिया नै सार्बजनिक सुनुवाई हो । यो कार्यक्रम आर्थिक क्रियाकलाप मात्र प्रस्तुत गरिने कार्यक्रम नभई नीति,निर्माण योजना प्रक्रिया, निर्णय प्रक्रिया, कार्यक्रम सञ्चालन विधि आदि सम्बन्धी जानकारी लिने दिने उद्धेश्य समेत रहेको उहाँले बताउनु भयो । यसका अतिरिक्त उहाँले सार्बजनिक सुनुवाई कार्यक्रमको निम्न उद्धेश्यहरु रहेको समेत प्रष्ट पार्नुभएको थियो :

- सबै उपभोक्ता र आम नागरीकहरुबी सामुदायिक वनका गतिविधिहरुसम्बन्धी सुचना प्रवाह गर्नु,
- गाऊँ महासंघ र सामुदायिक वन उपभोक्ता समुहहरुमा जवाफदेहिता बढाउँदै पारदर्शीताको अभ्यास गराउन अभिप्रेरित गर्नु
- हाकाहाकी प्रश्नउत्तरको माध्यमबाट सरोकारवालाहरुको जिज्ञाषाहरु मेटाउन र सुचनाको हक प्राप्तिको अनुभुति गराउनु

**४. कार्यक्रमको आचारसंहिता प्रस्तुती र अनुमोदन :**

कार्यक्रम सञ्चालनको क्रममा कुनै पनि समस्या आउन नदिन तथा कार्यक्रमलाई मर्यादित ढँगले सञ्चालन गर्न निम्न अनुसारको आचारसंहिता प्रस्तुतीकरण गरी सहभागीहरुबाट तालि बजाएर अनुमोदन गर्ने कार्य गरियो :

- ♦ सहभागीले बोल्नका लागि हात उठाएर सङ्केत गर्नुपर्नेछ;
- ♦ वक्ताहरूले पनि भूमिका नबाँधी सहभागीले सोधेका प्रश्नहरूको जवाफ स्पष्टसँग दिनुपर्नेछ। शालीनतापूर्वक भूमिका नबाँधी विषयकेन्द्रित भएर बोल्नुपर्नेछ;
- ♦ सहभागीले विचार वा प्रश्न के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ;
- ♦ सञ्चालकले बोल्ने सङ्केत गरेपछि मात्र बोल्नुपर्नेछ;
- ♦ तोकिएको समयभन्दा बढी बोल्न पाइने छैन;
- ♦ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोर्‍याउन पाइने छैन;
- ♦ चित्त नबुझेका थप कुरा सञ्चालकको अनुमति लिएर राख्न पाइनेछ। सञ्चालकले प्रस्तुति रोक्न अनुरोध गरेपछि तत्काल रोक्नुपर्नेछ, र
- ♦ सुनुवाइलाई विषयान्तर हुनबाट बचाउन सबै सहभागीहरूले सहयोग गर्नुपर्नेछ।

**५. खर्च सार्बजनिक गर्ने :**

कार्यक्रमको व्यवस्थापनको लागि कसबाट कति बजेट प्राप्त भएको र कति खर्च गर्नुपर्ने भन्नेबारे सहभागीहरुलाई जानकारी गराउन सञ्चालकले नै कार्यक्रमको अनुमानित खर्च विवरण पढेर प्रस्तुतीकरण गर्नुभएको थियो । जसमा सल्भ नेपालबाट मिति २०६८ फागुन २२ गते सम्पन्न लिखित सम्झौता बमोजिम सहजीकरण, खाना/खाजा, स्टेशनरी, रिपोर्टिङको लागि संस्थागत सहकार्यमा रु ५०००/- सहजीकरण गर्ने संस्थालाई प्रदान गरेको र सम्झौताबमोजिम खर्च गर्नुपर्ने जानकारी समेत गराईएको थियो । सोको सामाजिक लेखा परीक्षण फारम पढेर हस्ताक्षर गरि सहयोग गरिदिनुहुन सहभागीहरुलाई समेत सञ्चालकले अनुरोध गर्नुभएको थियो ।

**६. गाऊँ महासंघको प्रगति प्रतिवेदन पेश गर्ने :**

कार्यक्रमको मुख्य विषयवस्तु गाऊँ महासंघको गतिविधिको समिक्षा भएकोले महासंघको तर्फबाट वार्षिक प्रगति प्रतिवेदन र आर्थिक प्रगति प्रतिवेदन पेश गरिएको थियो । वार्षिक प्रगति प्रतिवेदन गाऊँ महासंघका स्थानीय सहजकर्ता ज्ञानेन्द्र कार्कीले लिखित दस्तावेजको रुपमा प्रस्तुत गर्नुभएको थियो । (प्रतिवेदन अनुसुचीमा संलग्न छ ।) उहाँको प्रतिवेदनमा महासंघ स्थापना यताको सबै विवरण प्रस्तुत छ भने गत आर्थिक वर्षसम्म नियमित लेखा परीक्षण गर्दै रहेको समेत जानकारी दिनुभएको थियो । त्यसपछि गाऊँ महासंघकै कोषाध्यक्ष पवित्रा श्रेष्ठले गत आर्थिक वर्षको आयव्यय विवरणसहित आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । -प्रतिवेदन अनुसुचीमा संलग्न छ।)

यसपछि पाखिबास रेञ्जपोष्टका प्रतिनिधि राजेन्द्रप्रसाद चौधरीले आफ्नो कार्यालयको सेवा सुविधा र कार्यक्षेत्रबारे जानकारी  सहित प्रारम्भिक मन्तव्य राख्नु भएको थियो । नेपाल सरकारले परिपत्र गरेअनुसार सामुदायिक वनहरुमा कार्ययोजनाको म्याद समाप्त भएपछि स्वत: राष्ट्रिय वन भई कुनै पनि हरियो वन पैदावार स्वीकृति विना काट्न नपाईने निर्देशन आएको बताए । अहिलेको परिस्थितिमा रेञ्जपोष्टहरुलाई पनि काम गर्न निकै अप्ठेरो रहेको र रेञ्जपोष्टबाट हुन सक्ने पहल भइरहेको र माथिल्लो निकायमा पुर्‍याउने गरिएको बताए ।

त्यसपछि  गाविसका ५ वटै सामुदायिक वनहरुबाट आफ्नो गतिविधिसहितको प्रतिवेदन पेश गर्ने काम भयो । जसमा  कालीदह सामुदायिक वनका कोषाध्यक्ष अम्बिका थापा, जलकिनी सामुदायिक वनको तर्फबाट सचिव ज्ञानेन्द्र कार्की, फावाखोला सामुदायिक वनको तर्फबाट अध्यक्ष खड्गमाया विक, जनता सामुदायिक वनको तर्फबाट अध्यक्ष कृष्णप्रसाद धमला र भिमढुँगा सामुदायिक वनको तर्फबाट कोषाध्यक्ष महेश राईलगायतले आफनो प्रतिवेदनहरु पेश गर्नुभएको थियो ।

**कार्यक्रमको दोस्रो खण्ड**

**७. प्रश्न उत्तर/सवाल जवाफ (दोहोरो सम्वाद)**

कार्यक्रम सञ्चालकले कार्यक्रमको दोस्रो खण्डको शुरुवात गर्दै प्रश्न उत्तरको सवाल जवाफ गर्न दोहोरो सम्वादको लागि समय खुल्ला भएको घोषणा गरेपछि निम्न अनुसार सहभागीहरुबाट प्रश्न एवं जिज्ञाषाहरु राख्ने र जवाफदेहि वक्ताहरुबाट जवाफ दिने कार्य भएको थियो :

प्रश्न उत्तरको सिलसिला शुरुवात गर्दै कार्यक्रम सञ्चालकले सामुदायिक वन गाऊँ महासंघबाट बनाएको आवधिक योजना कुन कुन सामुदायिक वनहरुमा पुगेको छ र कस कसलाई जानकारी छ भन्ने जिज्ञाषा राख्नुभएको थियो । जसको उत्तरमा गाऊँ महासंघका उपाध्यक्ष पुष्पकुमारी कोइरालाले महासंघ कार्यालयमा मात्र रहेको बताउनु भयो भने अरु सामुदायिक वनहरुले पनि महासंघमा प्रतिनिधि आउनेलाई थाहा भएको तर समुहमा नै चाहिँ नराखिएको जानकारी दिनुभयो । त्यसपछि आवधिक योजनालाई सबै सामुदायिक वनहरुमा एक एक प्रति राख्ने र चासो राख्ने समिति सदस्यहरु तथा उपभोक्ताहरुलाई समेत पढ्न प्रेरित गर्ने प्रतिबद्धता व्यक्त भएको थियो । त्यसपछि राखिएका प्रमुख प्रश्नहरु तथा त्यसका समाधानका लागि प्राप्त जवाफहरु निम्न अनुसार रहेका थिए :

**प्रश्न तथा जिज्ञाषा १.** सामुदायिक वनको विधान कार्ययोजनाको अवधि सकिएकोले हामीले काठदाऊरा, हलो समेत काट्न नपाएको अवस्था छ । पटक पटक रेञ्जपोष्टमा भन्दा पनि सरकारको नीति निर्देशनले गर्दा समस्या भएको हो भनिन्छ, यसको समाधानको लागि पहल गर्न सकिन्छ कि ?

**प्रश्न तथा जिज्ञासा २.** कार्य योजनाको अवधि यही चैत्र महिनाभित्र सकिन्दैछ, हाम्रो वनमा पैसा पनि छैन, २०० हेक्टर भन्दा कमि क्षेत्रफलको वन हो । अब कार्ययोजना कसले कसरी बनाईदिने ? कति खर्च लाग्छ ? रेञ्जपोष्टमा पटक पटक भन्दा पनि सुनुवाई भइरहेको छैन ।

**प्रश्न तथा जिज्ञासा ३.** किसानले काट्ने हलो, बलो बाट नै वञ्चित हुने गरी किन कानुन बनाइयो ? यो तत्काल फुकुवा हुनुपर्दछ र सहज वातावरण बनाउनु पर्छ , नत्र सबै जनता जंगल पस्नेछन् अनि सबैलाई लगेर कसरी जेल हाल्दो रहेछ सरकारले त्यो पनि हेरौं भन्दै गुनासो राख्नुभएको थियो ।

**प्रश्न तथा जिज्ञासा ४.** आवधिक योजना अनुसार नै काम भइरहेको छ ? आवधिक योजना कुन कुन सामुदायिक वनहरुमा राखिएको छ ?

**प्रश्न तथा जिज्ञासा ५.** जलकिनी सा.व. भित्र अवैध रुपमा रुख काटिएको उजुरी परेकोले जिल्ला वन कार्यालयका प्रतिनिधि समेत आई जंगलबाट आफुलाई काठ ढुवानी गर्न लगाएको, पछि ढुवानी गरेर संकलन गरेको काठ जिल्ला वनले जफत गरी लगेको तर ढुवानी खर्च बापतको चार हजार रुपैया आफुले अहिलेसम्म नपाएकोले मारमा परेको समितिका अध्यक्षले गुनासो गर्नुभयो । सो रकम पाउन मैंले के गर्ने, कहिले सम्म कुर्नु पर्ने ?

**प्रश्न तथा जिज्ञासा ६.** गाऊँ महासंघले हालसम्म वृक्षारोपण कार्यक्रम राखेको छ कि छैन ? वन विनास बढ्दो छ, पानीका मुहानहरु सुक्दैछन्, गाविसले पनि विगत वर्षमा वन संरक्षणको लागि योजनाहरु बनाएर केहि बजेट विनियोजन गरेको थियो, त्यो महासंघको प्रतिवेदनमा किन परेन ? भनेर जिज्ञासा राख्न चाहन्छु भनी गाविस सचिव उमेश राईको जिज्ञासा हो यो ।

**प्रश्न तथा जिज्ञासा ७.** तपाईंको मुल्याँकनमा सामुदायिक वन व्यवस्थापन तर्फ उपभोक्ता समितिको अवस्था के छ ? कसरी अगाडि बढिरहेका छन् सा. व. हरु ? स्थानीय सहजकर्ताको लागि यो प्रश्न सोधिएको थियो ।

**प्रश्न तथा जिज्ञासा ८.** फावाखोला सामुदायिक वन अन्तरगत हाम्रो गाऊँभरि सामुदायिक वनबाट चुलो बनाए । हाम्रो घरमा पनि चुलो बनाइयो तर हामीले ३ सय रुपैया तिर्नुपर्‍यो । चुलोमा अरुलाई जस्तो हामीलाई रकम सहयोग भएन । किन ? मानबहादुर विश्वकर्माले सोधेका प्रश्न ।

**प्रश्नकर्ताको जिज्ञासाहरुको जवाफ :**

पहिलो प्रश्नको सम्बन्धमा पाखिबास रेञ्जपोष्टका प्रतिनिधि राजेन्द्रप्रसाद चौधरीले २०० हेक्टरभन्दा बढी क्षेत्रफल भएका सामुदायिक वनहरुमा कार्ययोजना संशोधन गर्दा आइइइ गर्नुपर्ने र हरियो रुख काट्न नपाउने विषयमा सरकारको निर्णयले सामुदायिक वन उपभोक्ता समितिलाई परेका अप्ठेराहरु फुकाउन जिल्ला वन कार्यालयमा पहल भइरहेको छ । धनकुटाका ३६२ वनहरुमध्ये जसजसको कार्ययोजना समाप्त भइसकेको छ, २०० हे. भन्दा माथिको क्षेत्रफल हुने सबैले प्रारम्भिक वातावरण परिक्षण गर्नुपर्दछ । वातावरणमा पर्ने प्रभावसम्बन्धी कार्ययोजना तयार पारी संशोधन गर्नुपर्ने हुन्छ, त्यो जिम्मेवारी महासंघ, रेञ्जपोष्ट, जिल्ला वन कार्यालयसंग सम्बन्धित कुरा हो । सल्भ नेपालले अन्य सामाजिक परिचालन, वातावरणीय संरक्षण र जीविकोपार्जन सम्बन्धीका कार्यहरु गर्दै आएको छ । यद्धपी सल्भले समन्वयकारी भुमिका चाहिँ खेल्न सक्छ । सोही प्रश्नमा अन्तरिम वन परियोजनाका कार्यक्रम अधिकृत द्रोपती सुवेदीले यो समस्या राष्ट्रिय समस्या हो, यस विषयमा फेकोफोनले केन्द्रमा आन्दोलन नै गरिरहेको छ । वातावरण मन्त्रालयमा आइइइ गर्नु नपर्ने कुरा राखेर टिप्पणी गइसकेको र यसलाई फुकुवा गर्नुपर्ने माग आएको छ, चाँडै निर्णय भएर आउला, आशा गरौं भनी बताउनु भयो ।

दोस्रो प्रश्नको सवालमा पाखिबास रेञ्जपोष्टका प्रतिनिधि राजेन्द्रप्रसाद चौधरीले कार्यालयको वार्षिक कार्यक्रममा परेका वनहरुलाई कार्यालयले नै कार्ययोजना बनाई दिने गरेको तर वार्षिक कार्यक्रममा नपरेका वनहरुलाई भने लाग्ने खर्च समितिले नै व्यहोर्नुपर्ने जानकारी दिनुभयो । साथै उक्त वनको लागि वार्षिक कार्ययोजनामा नपरेको हुँदा वार्षिक कार्ययोजनामा परेकाको पहिलो प्राथमिकतामा राखेर मात्र अरु वनको काम गर्न जिल्लाले भनेको हुँदा भ्याएसम्म चाँडो काम गर्न प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

तेस्रो प्रश्नको जवाफमा रेञ्जपोष्ट प्रतिनिधि चौधरीले व्यवहारिक रुपमा काम गर्न अहिले पनि रेञ्जपोष्टले कुनै वाधा नगरेको जानकारी गराएका थिए । सा.व. को कार्ययोजना सकिएपछि स्वतः राष्ट्रिय वन भई अधिकार सरकारतिर आउने तर पनि व्यवहारिक हिसाबले उपभोक्ता समितिले प्रयोग गर्न भने सक्नेछन् ।

चौथो प्रश्न तथा विचारको सम्बन्धमा सामुदायिक वनहरुका अध्यक्षहरुले त्यस भित्र केके लेखेको छ, सबै थाहा नभएको तर पनि गाऊँ महासंघको निर्देशन बमोजिम काम भइरहेको बताए । साथै गाऊँ महासंघमा आउने प्रतिनिधिहरुले आफ्नो समितिमा नलैजानु उनीहरुको कमजोरी रहेको पनि सबैले बताए । महासंघ उपाध्यक्ष पुष्पकुमारी कोइरालाले महासंघबाट सामुदायिक वनहरुले चाहेको खण्डमा एक एक प्रति लगेर राख्न सक्ने प्रतिबद्धता दोहोऱ्याइन् ।

पाँचौ प्रश्नको जवाफमा पाखिबास रेञ्जपोष्टका प्रतिनिधि चौधरीले उहाँ स्वयं जिल्ला गएर रकमबारे बुझेर आउनु भएको छ, भरपाई समेत बुझाउनु भएको छ, उहाँले चाँडै रकम पाउनु हुन्छ, भोलि हाम्रो मिटिङ् छ, म पनि त्यो विषयमा जिल्लामा कुरा पुऱ्याउनेछु । उहाँले त्यो रकम पुरै पाउनु पर्छ र पाउनु हुनेछ ।

छैटौं प्रश्नको जवाफमा उपाध्यक्ष कोइरालालले नाँगा डाँडाहरुमा वृक्षारोपण गरेको, पानी मुहान संरक्षणमा कार्यक्रम गरेको, अनुकुलन कोषबाट अधिकाँश पानी संरक्षणका कार्यक्रम भएको भएता पनि सुख्खा समयका कारण वृक्षारोपण सबै जोगिएन । एउटा सामुदायिक वनले नर्सरी नै गरेर गरेको वृक्षारोपण भने अहिले निकै फैलिन्दै गएको छ ।

सातौं प्रश्नको जवाफमा स्थानीय सहजकर्ता ज्ञानेन्द्र कार्कीले आफु नियमित बैठकहरुमा सहजीकरण गर्न जाने गरेको, समितिहरुको सक्रियता सन्तोषजनक रहेको र अनुकुलन कोष तथा घुम्ती कोषको लागि प्रत्येक सामुदायिक वनमा २८ हजारका दरले रकम परिचालन भइरहेको बताउनु भयो । वन व्यवस्थापनतर्फ पनि वृक्षारोपण भएको, पानी संरक्षण भएको, गोष्ठी गरेको, वनको जग्गा वितरण गरी अलैंची र अम्लिसो लगाइएको जस्ता कार्यक्रम भएको बताउनुभयो । त्यस्तै सामुदायिक वनका प्रतिनिधिहरुले नै अनुकुलन कोषको रकमबाट सुधारिएको चुल्हो निर्माण गरेको, वनमा काँटछाँट गरेको, सुख्खा तरकारी खेतीको लागि विपन्न वर्गलाई तरकारीको बिऊ वितरण गरेको, खानेपानी संरक्षण र ट्याँकी निर्माण भएको, ५ हजारको गोष्ठि सञ्चालन गरेको आदि गतिविधि भएको जानकारी दिएका थिए ।

आठौं प्रश्न : मानबहादुर विश्वकर्माले सोधेको प्रश्नको जवाफमा समुहकी अध्यक्ष खड्गमायाँ विश्वकर्माले ५ हजार रुपैया मात्र विनियोजन भएकोले सबै घरकोलागि चुल्होको रकम नपुग भएको हो । ५४ घरपरिवार छन् दलित वस्ती नै हो । गर्दा गर्दै नपुग भएकोले सबै घरमा बनाउँदा कहि रकम बनाउनेले लिएको हुनसक्छ । हामीलाई बील पेश भएजति रकम चुल्हो बनाउनेलाई दिएको हो । अरु घरले पनि धेरैले तिरेका छन् ।

**कार्यक्रमको तेस्रो सत्र (अन्तिम सत्र)**

करिब साढे दुई घण्टा चलेको प्रश्न उत्तरको दोस्रो सत्रको निष्कर्शको रुपमा तेस्रो तथा अन्तिम सत्रलाई सञ्चालन गरिएको थियो । सञ्चालकले दोहोरो सम्वादको सत्र समाप्त भएको जानकारी गराएर कार्यक्रममा उठेका प्रमुख सवालहरुको निचोड प्रस्तुतीकरणको लागि सल्भ नेपालका नायव कार्यकारी निर्देशकज्युलाई समय दिनुभएको थियो । उहाँले चार बुँदे साझा सार्बजनिक प्रतिबद्धताका बुँदाहरु निचोडको रुपमा प्रस्तुतीकरण गर्नुभएको थियो जुन निचोडको समर्थन गर्दै अतिथि वक्ताहरु र सहभागीहरुको तर्फबाट आगामी दिनमा सामुदायिक वन क्षेत्रलाई थप व्यवस्थित गर्दै लैजान, स्थानीय स्तरमा देखिने समस्याहरु आफैं समाधान गर्न र नियमित माथिल्लो निकायहरुसंग सम्पर्कमा रहन समेत साझा सार्बजनिक प्रतिबद्धताको घोषणा पत्रमा हस्ताक्षर गर्नुभएको थियो । (घोषणा पत्र अनुसुचीमा संलग्न छ ) उक्त चार बुँदे साझा सार्बजनिक प्रतिबद्धताको घोषणा पत्र पढेर सुनाइएको थियो भने सम्पुर्ण सहभागीहरुले ताली बजाएर त्यसलाई समर्थन गर्नुभएको थियो ।

त्यसपछि समापन सत्रको चरणमा कस्तो लाग्यो कार्यक्रम ? भन्ने बारे विषयकेन्द्रीत भई आफ्नो प्रतिबद्धता सहितको मन्तव्य व्यक्त गर्न अतिथि एवं जवाफदेहि वक्ताहरुसमक्ष अनुरोध गरिएको थियो । आफ्नो समापन मन्तव्य राख्ने जवाफदेहि वक्ताहरुमा नागरीक परिषद्का अध्यक्ष इन्द्रबहादुर बस्नेत, संघीय लिम्बुवान राज्य परिषद्का प्रमुख पूर्णमान राई, एमाले प्रतिनिधि कृष्ण धमला, एकीकृत माओवादीका हरिश्चन्द्र लिम्बु, स्थानीय सहजकर्ता ज्ञानेन्द्र कर्की, सामाजिक परिचालक झमक श्रेष्ठ, सहभागीको तर्फबाट चन्द्रज्योती बोर्डिङका प्रिन्सिपल इन्दिरा कार्की, सल्भ नेपालका सुपरभाइजर सत्यकला राई र किसन श्रेष्ठ लगायत हुनुहुन्थ्यो । त्यसैगरी प्रतिबद्धता मन्तव्य पाखिबास रेञ्जपोष्टका प्रतिनिधि राजेन्द्रप्रसाद चौधरीले राख्नु भएको थियो भने सल्भ नेपालका नायव कार्यकारी निर्देशक जेपी भुजेल र अन्तरिम वन परियोजनाका कार्यक्रम अधिकृत द्रोपती सुवदीले समेत सार्बजनिक सुनुवाई कार्यक्रमले नयाँ उर्जा थपेको बताउँदै सामुदायिक वनहरुको अझ सशक्त भुमिकाको अपेक्षा सहित प्रगतिको शुभकामना दिनुभएको थियो । अन्त्यमा सम्पुर्ण सहभागी सभापतिज्युहरुको आज्ञाले धन्यवाद ज्ञापन सहित गाऊँ महासंघका उपाध्यक्ष पुष्पकुमारी कोइरालाले आफ्नो प्रतिबद्धता मन्तव्य राख्दै कार्यक्रमको औपचारिक समापन गर्नुभएको थियो ।

मिति : २०६८ चैत्र ८ गते मंगलवार

प्रतिवेदन तयार पार्ने :


जनहित असल शासन क्लब,

कुरुले तेनुपा, धनकुटा

फोन नं. : ०२६–५२०७४०

इमेल : janahitggc@gmail.com;

वेवसाइटः www.janahitggc.org.np